# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश, नेपाल

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः १२ मितिः २०७७/०९/०९

## भाग — २

# पशुपक्षी विकास क्षेत्रसँग सम्बन्धीत कार्यक्रम कार्यान्वय निर्देशिका, २०७७

**प्रस्तावनाः**

मूलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र सुदृढ तुल्याउनुका साथै पशुजन्य पदार्थ तथा पशु उत्पादन बृद्धी गरी रोजगारीको अवसर सृजना गरी पशुपालक कृषकहरुको बचत सुनिश्चित गर्नका निम्ति रूपा गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ मा स्वीकृत भएको वार्षिक कार्यक्रम अन्तर्गत पशु सेवा शाखा तर्फका विभिन्न कार्यक्रमहरुलाइ मितव्ययी, पारदर्शी र प्रभावकारी तुल्याइ अधिकतम प्रतिफल प्राप्त गर्न आवश्यक भएकोले, रूपा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ दफा ४ ले दिएको अधिकार प्रयोग गरी रूपा गाउँ कार्यपालिकाले मिति २०७७ पुस ७ को निर्णयअनुसार देहायका नियमहरु वनाएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ

१. यस निर्देशिका को नाम पशुपक्षी विकास क्षेत्रसँग सम्बन्धी कार्यक्रम कार्यान्वय निर्देशिका, २०७७ रहेको छ ।

२.यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

**भकारो सुधार कार्यक्रमः विनियोजित रकम रु १५,००,०००।**

**कार्यक्रम संचालन प्रक्रिया**

- गाउँपालिकाले अनुसूची १ अनुसारको सूचना निकाल्नेछ ।
- सूचनानुसार योग्य कृषकहरुले अनुसूची २ अनुसारको निवेदन पशु सेवा शाखा वा वडा कार्यालयमा दिनुपर्नेछ ।
- प्राप्त भएको निवेदनअनुसार सबै निवेदकहरुको गोठमा अनुगमन गई छनौट समितले मुल्यांकन गरि छनौट गर्नेछ ।
- कम्तीमा २ वटा माउ गाई , भैसी वा कम्तीमा ३ वटा पाडा ,पाडी , बाच्छा / बाच्छी , गोरु पालन गरेका कृषकहरुलाई रु ७००० भकारो ढलानका निम्ती उपलब्ध गराईनेछ ।

- कम्तीमा ५ वटा माउ गाई , भैसी वा कम्तीमा ८ वटा पाडा ,पाडी , बाच्छा / बाच्छी , गोरु पालन गरेका पशुपालन फर्महरुलाई रु २०००० भकारो ढलान तथा गोठ निर्माण तथा गोठ मर्मतका निम्ती उपलब्ध गराईनेछ ।
- रु ७००० पाउने कृषकहरुले कम्तिमा ४ मिटर लम्बाई र २.५ मिटर चौडाई भकारो ढलान गरिसकेपछि भकारो को फोटो ,विल भर्पाइ तथा वडा कार्यलयबाट कार्यसम्पन्न को सिफारिस का आधारमा रकम भुक्तानी गरिनेछ ।
- रु २०००० पाउने पशुपालन गरेका फर्महरुलाई ८ मिटर लम्बाई र २.५ मिटर चौडाई भकारो ढलान तथा गोठ निर्माण तथा गोठ मर्मत गरिसकेपछि भकारो को फोटो ,विल भर्पाइ तथा वडा कार्यलयबाट कार्यसम्पन्न को सिफारिस का आधारमा रकम भुक्तानी गरिनेछ ।

## औषधि खरिद तथा पशु स्वास्थ्य शिविर कार्यक्रम तथा तालिमः बिनियोजित रकम रु १०,००,०००

### कार्यक्रम संचालन प्रक्रिया

- सवै वडाहरुमा पशु स्वास्थ्य शिविर संञ्चालन गरिनेछ ।
- शिविरका लागी रु ६,००,०००।को औषधि खरिद गर्नेछ र उक्त औषधि पशु स्वस्थ्य शिविर संञ्चालन गर्दा खर्च गरिनेछ ।
- शिविर संञ्चालन गर्दा खाजा ,खाना प्राविधिक व्यबस्थापन , अनुगमन ,व्यानर तथा अन्य खर्चका लागी रु १५०००० सम्म खर्च गर्न सकिनेछ ।
- पशुपालन संम्बन्धी तालिमका लागी रु २,५०,०००। सम्म खर्च गर्न सकिनेछ ।

## कृषक अनुदान कार्यक्रमःविनियोजित रकम रु १०,००,०००

### कार्यक्रम संचालन प्रक्रिया

- गाउँपालिकाले अनुसूची १ अनुसारको सूचना निकाल्नेछ ।
- सूचनानुसार योग्य कृषकहरुले अनुसूची ३ अनुसारको निवेदन पशु सेवा शाखा वा वडा कार्यालयमा दिनुपर्नेछ ।
- प्राप्त भएको निवेदनअनुसार सबै फर्महरुमा अनुगमन गई छनौट समितले मुल्यांकन गरि छनौट गर्नेछ ।
- छनौटमा परेको पशुपंक्षी तथा माछा पालन गरेको पशुपंक्षी तथा मत्स्य फर्महरुलाई प्रोत्साहन स्वरुप तपशिल बमोजिमको रकम उपलब्ध गराईनेछ ।

  क. **पक्षीपालन** : कम्तीमा ८०० वटा भन्दा धेरै ब्रोईलर वा लेयर्स कुखुरा तथा

  ५०० वटा भन्दा धेरै स्थानीय जातका कुखुरा, हाँस, टर्कि का साथै अन्य पक्षीहरु पालेको फर्मलाई रु १५,०००। उपलब्ध गराईनेछ ।

  ख.**भेडाबाखा** : कम्तीमा १५ भन्दा धेरै माउ **भेडाबाखा** पालेको फर्मलाई रु ३०,०००। उपलब्ध गराईनेछ ।

ग. गाईभैसी : कम्तीमा ७ वटा भन्दा धेरै माउ गाई, भैसी पालेको फर्मलाई रु ३०,०००। उपलब्ध गराईनेछ ।

घ. सुँगुर बंगुर : कम्तीमा ७ वटा भन्दा धेरै माउ सुँगुर , बंगुर पालेको फर्मलाई रु ३०,०००। उपलब्ध गराईनेछ

ङ. माछा : कम्तीमा २०० बर्गमिटर भन्दा धेरै क्षेत्रफलमा माछापालन गरेको माछापालन गरेको फर्मलाई रु १५,००० उपलब्ध गराईनेछ ।

च. छनौट भएका फर्महरुले गाउँपालिकाबाट प्राप्त हुने रकममा सत प्रतिशत रकम साझेदारी गरी गोठ ,खोर , माछा पोखरी निर्माण वा मर्मत तथा भेडा बाख्रा, गाई भैसीको लागी प्रजनन को लागी भाले पशु खरिद गर्नुपर्नेछ र उक्त कार्य गरिसकेपछि बिल भरपाई , अनुगमन समितिको प्रतिवेदन तथा वडा कार्यालयबाट कार्य सम्पन्नको सिफारिसका आधारमा रकम भुक्तानी गरिनेछ ।

**लागत साझेदारीमा पशुपालन कार्यक्रमः विनियोजित रकम रु १०,००,०००**

- लागत साझेदारीमा **भैसी** प्रवर्द्धन कार्यक्रमको लागी सशर्त अनुदान बाट प्राप्त रकममा गाउँपालिकाले रू ७ लाख रूपैयाँ लागत साझेदारी स्वरूप थप गरि कार्यक्रम गरिनेछ ।
- लागत साझेदारीमा **बाख्रा** प्रवर्द्धन कार्यक्रममा रू ३ लाख रूपैयाँ लागत साझेदारी स्वरूप थप गरि कार्यक्रम संञ्चालन गरिनेछ ।

## कृषक छनौट समितिको गठन, काम, कर्तव्य र अधिकारः

१. गाउँपालिका स्तरीय गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठन भएको कृषक छनौट समिति ७ सदस्यीय हुनेछ ।

| क स | कृषक छनौट समिति | |
|---|---|---|
| १ | संयोजक | गाउँपालिका अध्यक्ष |
| २ | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | सदस्य | आर्थिक प्रशासन शाखा प्रतिनिधि |
| ४ | सदस्य | कृषि सेवा शाखा प्रमुख |
| ५ | सदस्य | पशु सेवा शाखा प्रमुख |
| ६ | सदस्य | कामको प्रकृति हेरेर संयोजकले तोकेको कुनै १ कर्मचारी |

| | | |
|---|---|---|
| ७ | सदस्य सचिव | सम्बन्धित पशु सेवा शाखा हेर्नेगरी तोकिएको कर्मचारी |

कृषक छनौट समितिमा बढिमा २ जना आमन्त्रित सदस्य समेत हुन सक्नेछ ।

२. कृषक छनौट समितिको निर्णय बमोजिम कुनै गुनासो भएमा सम्बन्धित शाखामा गुनासो दर्ता गर्न सकिनेछ।

३. गाउँपालिका स्तरीय गठन भएको कृषक छनौट समितिले स्थलगत निरीक्षण गरी आवश्यकता अनुसार थप निर्णय गर्न सक्नेछ ।

४. कृषक छनौट समितिको अन्तिम अनुगमन पश्चात मात्र अनुदानग्राहीले भुक्तानी पाउनेछन्।

५. गाउँपालिका उपाध्यक्षको नेतृत्वमा ७ सदस्यीय समिति गठन भई कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।उक्त निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

६. सिफारिस भएका कुनै प्रस्तावकले काम गर्न इच्छा नदेखाएमा अर्को प्रस्तावकसगँ सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

७. गाउँपालिका अध्यक्षस्तरीय थप केहि निर्णय भएमा सो निर्णय बमाजिम कार्यान्वयन गरिनेछ।

८. माथि उल्लिखत कृषि सम्बन्धी कार्यक्रमहरूको कृषक छनौट समिति बैठक भत्ता, अनुगमन भत्ता तथा दैनिक भ्रमण भत्ता लगायतका अन्य विषयमा प्रचलित नेपाल कानून तथा रुपा गाउँपालिकाको खर्चको मापदण्ड २०७७ बमोजिम हुनेछ ।

अनुसूची १

## सूचनाको ढाँचा

| आवेदन पेश गर्ने सम्वन्धी सूचना |
|---|

**प्रथम पटक प्रकाशित मितिः २०७७/०९/२०**

यस रुपा गाउँपालिकाको आ.व २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल वमोजिमका कार्यक्रमहरूका लागि इच्छुक फर्म तथा कृषकहरूले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा निवेदन सहित आवश्यक कागजातहरू संलग्न राखी आ–आफ्नो वडा कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स | कार्यक्रम को नाम | अधिकतम अनुदान सहकार्य | मापदण्ड | जम्मा रकम |
|---|---|---|---|---|
| १. | कृषक अनुदान कार्यक्रम | पक्षीपालन तथा माछापालन फर्म लाई बढिमा **रु १५०००** | **पक्षीपालन** : कम्तीमा ८०० वटा भन्दा धेरै ब्रोईलर वा लेयर्स कुखुरा तथा ५०० वटा भन्दा धेरै स्थानीय जातका कुखुरा, हाँस, टर्कि का साथै अन्य पक्षीहरु पालेको फर्म हुनुपर्नेछ । | **रु १०,०** |
| | | | **माछा** : कम्तीमा २०० बर्गमिटर भन्दा धेरै क्षेत्रफलमा माछापालन | |

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको माछापालन गरेको फर्म हुनुपर्नेछ । | ०,०० ० |
| | | भेडाबाखा, गाईभैसी, तथा सुँगुरबंगुर पालन गरेको फर्मलाई बढिमा **रु३०,००० ** | **भेडाबाखा** : कम्तीमा १५ भन्दा धेरै माउ भेडाबाखा पालेको फर्म हुनुपर्नेछ । | |
| | | | **गाईभैसी :** कम्तीमा ७ वटा भन्दा धेरै माउ गाई, भैसी पालेको फर्म हुनुपर्नेछ । | |
| | | | **सुँगुर बंगुर :** कम्तीमा ७ वटा भन्दा धेरै माउ सुँगुर , बंगुर पालेको फर्म हुनुपर्नेछ । | |
| २ | भकारो सुधार | निर्बाहमुखि कृषकला | कम्तीमा २ वटा माउ गाई , भैसी वा कम्तीमा ३ वटा पाडा ,पाडी , | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | ई बढिमा रु ७,००० | बाच्छा / बाच्छी , गोरु पालन गरेका कृषकहरु हुनुपर्नेछ । | रु १५,००,००० |
| | | ब्यवसायीक फर्मलाई बढिमा रु २०,००० | कम्तीमा ५ वटा माउ गाई , भैसी वा कम्तीमा ८ वटा पाडा ,पाडी , बाच्छा / बाच्छी , गोरु पालन गरेका पशुपालन फर्महरु हुनुपर्नेछ । | |

**आवश्यक कागजातहरुः**

१. तोकिएको ढाँचा अनुसारको निवेदन।

२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३. कृषि/पशु फर्म को हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT तथा करचुक्ता प्रमाणपत्र प्रतिलिपि ।

४. सम्बन्धित वडाको सिफारिस पत्र ।

नोट : अघिल्लो आ.व तथा यस आ.व.मा गाउँपालिका वा अन्य कुनैपनि निकायबाट अनुदान रकम पाएका कृषि / पशु फर्महरुलाई यो सुविधा उपलब्ध गराइने छैन ।

# अनुसूची २
## भकारो सुधार कार्यक्रमका लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः २०७७। ।

श्री रुपा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

रुपाकोट, कास्की ।

विषयः भकारो सुधार कार्यक्रममा सहभागी गराइदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रुपा गाउँपालिका वडा नं....... मा बसोबास गर्ने म /हामी श्री................................................ लाई भकारो सुधार गर्न आवश्यक भएको हुँदा उक्त कार्यक्रमको

अनुदानका लागि गाउँपालिकाको मिति २०७७।१०। मा प्रकाशित सुचना बमोजिम यो निवेदन पेश गरेको छु /छौं । म / हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्ड पूर्ण रूपमा बुझेको छु /छौं।तसर्थ उक्त कार्यक्रममा म/ हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछु /गर्दछौं ।यसका लागि आवश्यक तपसिलका कागजातहरु समावेश गरी पेश गरेको छु /छौं।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

२. फर्म को हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी।

| **निवेदक** |
|---|
| आवेदकको नाम : |
| आवेदकको ठेगानाः |
| सम्पर्क नं: |
| हस्ताक्षर: |

| हाल भएको पशु संख्याः | |
|---|---|
| माउ गाई , भैसी | पाडा ,पाडी , बाच्छा बाच्छी , गोरु तथा अन्य |
| | |

# अनुसूची ३

## कृषक अनुदान कार्यक्रमका लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः २०७७। ।

श्री रुपा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

रुपाकोट, कास्की ।

विषयः कृषक अनुदान कार्यक्रममा छनौट गरिदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रुपा गाउँपालिका वडा नं. मा रहेको ...... ........................................... फर्म लाई गाउँपालिकाको मिति २०७७।१०। मा प्रकाशित सुचना बमोजिम कृषक अनुदान कार्यक्रम अन्तर्गत म/ हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्ड पूर्ण

रूपमा बुझेको छु /छौं। तसर्थ उक्त कार्यक्रममा म/ हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछु /गर्दछौं ।यसका लागि आवश्यक तपसिलका कागजातहरु समावेश गरी पेश गरेको छु /छौं।

संलग्न गर्नुपर्ने कागजातहरुः

१। सूचना प्रकाशन पश्चात् आवेदकले तोकिएको ढाँचामा निवेदनका साथ अन्य कागजातहरु सम्बन्धित वडा कार्यालयमा पेशगर्नुपर्नेछ ।

२।निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३। कृषिरपशु फर्म वा सहकारी संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, एब्ल्खब्त् प्रमाणपत्र प्रतिलिपि ।

५। व्यक्तिगत कृषकको हकमा नीजको कृषक वर्गीकरणको प्रतिलिपि ।

६। जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।

७। सम्बन्धीत वडाको सिफारिस पत्र

## अनुगमनको ढाँचा

रुपा गाउँपालिका पशु सेवा शाखाको आ.व. २०७७।७८ को ..............................कार्यक्रम छनौटको लागी अनुगमन विवरण ।

१. फर्म/ समुहको नाम

२. ठेगाना

३. फोन नं.

४. निवेदन दिएको कार्यक्रम

५. पशु को जात

६. पशु संख्या

७. माउ संख्या

८. बच्चा संख्या

९. तालिम तथा अनुभब

१०. कहिँ कतैबाट अनुदान पाएको नपाएको

११. फार्मको क्षेत्रफल

१२. अन्य

१३. फार्म संञ्चालकको।समुह अध्यक्षको हस्ताक्षर

अनुगमन गर्नेको नाम थर पद हस्ताक्षर

१.

२.

३.

४

५

६

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत